# खानेपानी तथा सरसफाइ सम्बन्धमा दिगो विकास लक्ष्य प्रवर्द्धन अन्तर्गतको बजेट रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८३

मन्त्रालयबाट स्वीकृत मिति २०८३/०७/१०

<u>प्रस्तावना</u>ः आ.व. २०८३/८४ को बजेट उपशीर्षक नं. ३३७०५१०२ अन्तर्गत "SDG (Access to Clean Water and Sanitation) Acceleration Program सञ्चालन गर्ने (पूर्व तयारी सम्पन्न भएको तथा शीघ्र प्रतिफल दिने नयाँ आयोजना कार्यान्वयन गर्ने)" तर्फ विनियोजित बजेटबाट चालु आ.व मै सम्पन्न भई छोटो अवधि मै प्रतिफल प्राप्त हुने खानेपानी तथा सरसफाइ आयोजनाहरूको शीघ्र कार्यान्वयन मार्फत सबै नागरिकलाई सुरक्षित तथा दिगो खानेपानी र सरसफाइ सेवामा पहुँच सुनिश्चित गर्ने दिगो विकास लक्ष्य नं. ६ मा रहेको नेपाल सरकारको प्रतिबद्धतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाइ सम्बन्धमा दिगो विकास लक्ष्य प्रवर्द्धन अन्तर्गतको बजेट रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने खानेपानी तथा सरसफाइ आयोजना सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले SDG (Access to Clean Water and Sanitation) Acceleration Program सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले खानेपानी तथा ढल व्यवस्थापन विभाग सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने विभाग अन्तर्गतका सम्बन्धित कार्यालय सम्झनु पर्छ।

(च) "सीमान्तकृत" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडी पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपयोग गर्न नसकेका समुदाय सम्झनु पर्छ।

३. <u>खर्च गर्न सकिने क्षेत्रः</u> यस कार्यक्रम अन्तर्गत देहायका आयोजनामा खर्च गर्न सकिनेछः-

(क) नयाँ आयोजनाको निर्माण तथा संचालन भएको आयोजनाको विस्तार,

(ख) साना तथा शीघ्र प्रतिफल दिने आयोजना,

(ग) दिगो विकास लक्ष्य नं. ६ प्राप्तिको लागि सघाउ पुर्याउने आयोजना।

४. <u>आयोजना छनौटका आधारः</u> (१) यस कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाको प्रारम्भिक छनौट देहायका आधारहरु अनुसार गर्नु पर्नेछः-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(क) आयोजना पूर्व तयारी (मूहान उपलब्धता, डिजाइन तथा लागत अनुमान र सम्बन्धित वडाको सिफारिस) भएको,

(ख) प्रदेश र स्थानीय तहबाट कार्यान्वयनमा नरहेका आयोजनाहरु

(ग) रु. २० लाख भन्दा बढी लागतका आयोजनाहरु।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहबाट कार्यान्वयनमा रहेका आयोजना बजेट अभावको कारण सम्पन्न हुन नसकेकाको हकमा त्यस्ता आयोजनालाई प्रारम्भिक छनौटको रुपमा लिन सकिनेछ।

(३) उपदफा (१) बमोजिम प्रारम्भिक छनौट भएका आयोजना प्रस्तावहरुको देहायका आधारमा छनौट गर्नु पर्नेछः-

(क) चा.लु आवमा सम्पन्न भई आयोजनाबाट प्रत्यक्ष र शिघ्र प्रतिफल प्राप्त हुने,

(ख) खानेपानी तथा सरसफाइ सेवाको पहुँच नभएका, न्यून पहुँच भएका वा दलित/सीमान्तकृत घरधुरी रहेको समूदायलाई प्राथमिकता दिइने,

(ग) विनियोजित बजेटबाट कार्यालयको कार्य क्षेत्रभित्र पर्ने जिल्लाहरुमा सम्भव भएसम्म सन्तुलित हुने गरी आयोजना कार्यान्वयन गर्नु पर्ने,

(घ) आवश्यकता तथा स्थानीय मागलाई समेत आधार मान्नु पर्ने,

(ङ) तुलनात्मक रूपमा बढी जनसंख्या लाभान्वित हुने आयोजनालाई प्राथमिकता दिनु पर्ने।

५. **प्रस्ताव आव्हानः** (१) कार्यालयले आयोजनाको पूर्व तयारीको अवस्था, लाभान्वित जनसंख्या, आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन र आयोजना कार्यान्वयन गर्ने तालिका सहित प्रस्ताव माग गर्न कार्यालयको वेभसाइट वा कार्यालयको वेभसाईट नभएमा विभागको वेभसाईटमा पन्ध्र दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

६. **आयोजना छनौट प्रक्रियाः** (१)कार्यालयले दफा (५) बमोजिम प्राप्त प्रस्ताव र आफ्नो कार्यक्षेत्रका लागि विभागमा प्राप्त भएका प्रस्तावको दफा (४) बमोजिमको आयोजना छनौटका आधारमा छनौट गरी छनौट भएका आयोजनाको विस्तृत विवरण र लागत अनुमान खुलाई विभाग समक्ष सिफारिस गर्नु पर्नेछ।

(२) विभागले उपदफा (१) बमोजिम प्राप्त आयोजनाको विस्तृत विवरण र लागत अनुमान खुलाई सम्बन्धित कार्यालयको विनियोजित बजेट सीमाभित्र कार्यान्वयन हुने गरी सिफारिस सहित मन्त्रालयमा स्वीकृतीको लागि पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले उपदफा (२) बमोजिम प्राप्त प्रस्तावको पन्ध्र दिनभित्र स्वीकृत गर्ने वा सिफारिस सहित पुनः पेश गर्न विभागलाई निर्देशन दिन सक्नेछ ।

७. **आयोजना कार्यान्वयनः** (१) विभागले कार्यालयको कार्यक्षेत्रमा पर्नेगरी आयोजना कार्यान्वयनको लागि सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ। मन्त्रालयबाट स्वीकृत आयोजना LMBIS मा प्रविष्टि भएपश्चात सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गरिनेछ।

नेपाल सरकार
खानेपानी तथा? पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(२) स्वीकृत आयोजना चालु आर्थिक वर्षभित्र सम्पन्न नहुने देखिएमा विभागलाई प्राप्त मध्यमकालीन खर्च संरचनाको परिधिभित्र रही मन्त्रालयको पूर्व स्वीकृतिमा अघि बढाउनेछ।

८. <u>अनुगमन तथा निर्देशन सम्बन्धीः</u> मन्त्रालयले आयोजनाको कार्यान्वयन अवस्थाका सम्बन्धमा आवश्यकतानुसार अनुगमन तथा निर्देशन दिनेछ।

९. <u>प्रतिवेदनः</u> कार्यालयले मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र आयोजनाको प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१०. <u>कार्यविधि संशोधन गर्न सकिनेः</u> मन्त्रालयले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

११. <u>बाधा अड्चन फुकाउनेः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्चन फुकाउनेछ।

नेपाल सरकार
खानेपानी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं